135166

"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

# गरिमा विकास बैंकको मोबाईल बैंकिङ एपबाट भर्चुअल क्रेडिट कार्ड सेवा सुरुवात गरेको सन्दर्भमा प्रकाशित प्रेस विज्ञप्ती

गरिमा विकास बैंक लिमिटेडले fonepay नेटवर्कसँगको सहकार्यमा आफ्नो मोबाईल बैकिङ् एप "गरिमा डिजि बटुवा" बाट भर्चुअल क्रेडिट कार्ड सेवाको सुरुवात गरेको छ । गरिमा विकास बैंकका ग्राहक महानुभावहरुले नजिकैको शाखा कार्यालयमा उपस्थित भई फारम भरेपश्चात आफ्नो मोबाईल बैकिङ एपमा सो सेवा सुचारु गर्न सक्नुहुनेछ । उक्त भर्चुअल क्रेडिट कार्डमार्फत ग्राहकले फोनपे को कुनै पनि क्युआर कोड र फोन पे नेटवर्कमा सजिलै भुक्तानी गर्न सक्नुहुनेछ । न्यूनतम रु. १०,००० देखि अधिकतम रु. १,००,००० सम्म क्रेडिट सीमा रहेको यस भर्चुअल क्रेडिट कार्डमा भुक्तानीका लागि ग्राहकहरूले अधिकतम ४५ दिनसम्म बिना ब्याज क्रेडिट रकम उपभोग गर्न सक्नुका साथै हिसाब राफसाफमा १० प्रतिशत वा शतप्रतिशत भुक्तानी गर्ने विकल्पसमेत लिन सक्नेछन् । भौतिक रुपमा नभई मोबाईल बैकिङ एपमा भर्चुअल रुपमा उपलब्ध हुने यस सुविधाले ग्राहकलाई थप सुरक्षित र नविनतम अनुभव दिने विश्वास विकास बैंकले राखेको छ ।

हाल गरिमा विकास बैंकका देशभर १२५ शाखा कार्यालय, १ एक्स्टेन्सन काउण्टर र ५१ एटिएमका साथै नविनतम डिजिटल बैकिङ मार्फत सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रवाह गर्दै आईरहेको छ ।

भवदिय,

Garima Bikas Bank Limited
Head Office: Lazimpat, Kathmandu

अनिल रेग्मी
नायब प्रमुख कार्यकारी अधिकृत
मिति : २०८२/०५/३१

Head Office : Kathmandu-2, Lazimpat, Ph.: 01-4545424/25/26/27/28/30, Toll Free No.: 16600145444, Call Center No. 015970179
URL: www.garimabank.com.np, Email : info@garimabank.com.np